# ईन्द्रावती राजपत्र

लैङ्गिंक हिंसा निवारण कोष स्थापना र सञ्चालन निर्देशिका २०७६

**कार्यपालिका बैठकबाट स्वीकृत मिति २०७७।०७।२३**

# लैङ्गिंक हिंसा निवारण कोष स्थापना र सञ्चालन निर्देशिका २०७६

**पृष्ठभूमि :**

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्न र समतामुलक समावेशी समाज निर्माणका लागि महिलालाई लैङ्गिंक भेदभाव विना समान बंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरि महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव र हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैंङ्गिक समानता कायम गर्ने व्यवस्था र महिला, बालबालिका तथा लैंगिक तथा यौनिक अल्पसंख्यक माथि हुने सबै प्रकारका हिंसा, विभेद र गलत अभ्यासबाट बचाई सामाजिक न्याय र समानता कायम गर्नका लागि यो निर्देशिका तयार गरि लागु गरिएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : १) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७६" रहेको छ ।

२) यो निर्देशिका ईन्द्रावती गाँउ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरून्त प्रारम्भ हुनेछ ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) ***"स्थानीय तह"*** भन्नाले ईन्द्रावती गाँउपालिकालाई सम्झनु पर्छ ।

(ख) **"कोष"** भन्नाले नियम ३ बमोजिमको लैंकि हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) **"पीडित"** भन्नाले लैकि हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) **"स्थानीय उद्धार तथा राहत समिति"** भन्नाले नियम ८ बमोजिम गठित उद्धार तथा राहत समिति सम्झनु पर्दछ ।

(ङ) **"लैंकि हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार, सामाजिक कुरीतिजन्य लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

(३) **कोषको स्थापना** : (१)यस गाँउपालिकामा लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाँउपालिकाले हरेक बर्षको बजेटबाट छुट्याएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तराष्टिय संघ संस्था र सरकारबाट प्राप्त रकम,

(ङ)स्वदेशी व्यक्ति तथा संघ संस्थाबाट प्राप्त रकम,

च) अन्य कुनै श्रोतबाट यस कोषमा जम्मा हुने गरि प्राप्त रकम ।

(३)उपनियम (२) बमोजिमको रकम छुट्टै बैंक खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) **कोषमा रकम जम्मा गर्ने :** महिला, बालबालिका, लैकि तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको हक हितको क्षेत्रमा काम गर्ने गाँउपालिका क्षेत्र भित्र काम गर्ने गैर सरकारी संस्थाहरूले बार्षिक रूपमा गाँउपालिकाले तोके बमोजिमको रकम यस कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाइ उपलव्ध गराउने छ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनो विमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बिउ पूजीको रूपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि गाँउ कार्यपालिकाले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लैंकि हिंसाबाट पिडित महिला बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(६) **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

(७) **रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाँउपालिकाले स्थानिय लैंकि हिंसा निवारण कोषमा आवश्यकता अनुसारको रकम निकासा गर्नेछ ।

(८) **उद्धार तथा राहत समिति गठन :**(१) पीडितलाई तत्काल उद्धार एवं राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक उद्धार तथा राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाँउपालिका अध्यक्ष  **अध्यक्ष**

(ख) गाँउपालिका उपाध्यक्ष  **सदस्य**

(ग) महिला बालबालिका समिति संयोजक  **सदस्य**

(घ) प्रमुख ईलाका प्रहरी कार्यालय  **सदस्य**

(ङ) लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत पालिका स्थित गैरसरकारी संस्थाहरू मध्येबाट समितिले तोकेको १ जना  **सदस्य**

(च) महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख  **सदस्य सचिव**

(२) समितिले आवश्यक ठानेको बढीमा २ जना अन्य विषेशज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) उद्धार तथा राहत समितिको अध्यक्ष र सदस्यको पदावधि ४ बर्षको हुनेछ ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

(९) **राहत समितिको काम कर्तव्य र अधिकार :** राहत समितिको काम कर्तवय र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने।

ग) पालिका स्तरमा लैंकि हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकाय बीचमा समन्वय गर्ने,

घ) लैकि हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१०) **राहत तथा आर्थ्कि सहयोग उपलब्ध गराउने रकमको  हद र आधारः** (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईने छ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन दुई सय रूपैया र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन दुई सय पचास रूपैयाको दरले बढीमा तीन हजार रूपैया,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दिन दुई सय रूपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च बापत प्रतिदिन दुई सय पचास रूपैया र उपचार खर्च बढीमा दुई हजार रूपैया,

(ग) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाच हजार रूपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नका लागि वीउ पुजीको रूपमा बस्तुगत तथा नगद  अनुदान समेत गरी बढीमा बीस हजार रूपैया,

ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रूपैया,

च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रूपैंया  ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्तको भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई पाँच हजार रूपैयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सकिनेछ ।

(१४) **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस नियमावली बमोजिम राहत तथा अर्थिक सहयोग  प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला  व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**(१५) कोषको लेखा तथा लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(क) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**(१६) आवर्ति रिभल्भीङ कोष**: यो कोष आवर्ति (रिभल्भीङ) कोषको रूपमा रहनेछ ।

**(१७) प्रतिवेदन पेश गर्ने :** (१) उद्धार तथा राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिका समक्ष पठाउनु पर्नेछ ।